# जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना: जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ लाई संशोधन गर्न वान्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो ऐनको नाम "जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) (पहिलो संशोधन) ऐन, २०७४" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ को दफा ४ मा संशोधन: जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ (यस पछि "मूल ऐन" भनिएको) को दफा ४ को,-

(१) ठाउ'' ठाउ''मा रहेका "जात, जाति, वंश समुदाय" भन्ने शब्दहरुको सट्टा "उत्पति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्था" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (१२) पछि देहायको उपदफा (१२क) थपिएको छ :-

"(१२क) जातीय आधारमा छुवाछुत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न हुदैन।

३. मूल ऐनको दफा ७ मा संशोधन : मूल ऐनको दफा ७ को, -

(१) उपदफा (१) को खण्ड (क) मा रहेको "एक हजार" भन्ने शब्दहरुको सट्टा "बीस हजार" र "पच्चीस हजार" भन्ने शब्दको सट्टा "एक लाख" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (१) को खण्ड (ख) मा रहेको "पा''च सय" भन्ने शब्दहरुको सट्टा "दश हजार" र "दश हजार" भन्ने शब्दको सट्टा "पचास हजार" भन्ने शब्दहरु राखिएका छन्।

४. मूल ऐनको दफा ९ मा संशोधन : मूल ऐनको दफा ९ को उपदफा (१) मा रहेको "पच्चीस हजार रुपैया''देखि एक लाख रुपैया''सम्म" भन्ने शब्दहरुको सट्टा "पचास हजार रुपैया''देखि दुई लाख रुपैया''सम्म" भन्ने शब्दहरु राखिएका छन्।

५. मूल ऐनको दफा १ को उपदफा (१), दफा २ को खण्ड (क), दफा ३ र दफा ४ को शिर्षकमा रहेका "जातीय" भन्ने शब्दहरु झिकिएका छन्।